# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाण्डौ

मिति: २०७५/०१/१३ गते

## प्रेस विज्ञप्ति

### विषय: भ्रष्टाचारको आरोपमा पक्राउ।

-------------------------------------------------------

कटारी नगरपालिका, उदयपुरमा कार्यरत लेखा अधिकृत रविनचन्द्र ढकालले आ.व.२०७४/०७५ मा सामाजिक सुरक्षा लगायतका अन्य शीर्षकमा विनियोजित बजेट को.ले.नि.का उदयपुर मार्फत कटारी नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक, कटारीमा रहेको खातामा निकासा भएकोमा उक्त रकम आफूलाई गैरकानूनी लाभ पुऱ्याउने हिसाबले आफ्नो व्यक्तिगत खाताहरुमा स्थानान्तरण गरेको एवं निज विगतमा कार्यरत रहेको माई नगरपालिका, ईलाममा समेत आर्थिक हिनामिना गरी नेपाल सरकारलाई गैरकानूनी हानी पुऱ्याउने बदनियतले कार्य गरेको देखिन आएकोले अनुसन्धानको सिलसिलामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टंगालबाट खटिइ गएको टोलीले निज लेखा अधिकृत रविनचन्द्र ढकाललाई मिति २०७५/०१/१२ गते ज्ञानेश्वरबाट नियन्त्रणमा लिइ अनुसन्धान कार्य भइरहेको छ ।

(दीर्घराज मैनाली)
सह-सचिव एवं प्रवक्ता